**सूचनाको हकसम्बन्धी ऐन 2064 को दफा 5(3) र सूचना हकसम्बन्धी नियमावली 2065 को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण**

**सूचना सार्वजनिक गर्ने निकायको नामः कृषि विभाग, हरिहरभवन, ललितपुर**


**सूचना सार्वजनिक गरेको अवधिः 207६ बैशाख - असार**

## १. निकायको स्वरुप र प्रकृति

नेपालमा कृषि विकासको संस्थागत प्रयासको शुरुवात वि.सं. १९७८ मा सरकारी स्तरमा कृषि अड्डाको स्थापना भए पश्चात भएको मानिन्छ । बि.सं. २००८ सालमा कृषि विभागको स्थापना भए पछि विभिन्न समयमा विभागको संगठन संरचनामा हेरफेर हुँदै आएको पाइन्छ । देश संघीय स्वरुपमा गए संगै संघ, प्रदेश र स्थानीय तहका सरकारहरु गठन भइ कृयाशिल रहेको अवस्था छ । सोही बमोजिम संवैधानिक व्यवस्था अनुसार तीनै तहको प्रशासनिक पुनर्संरचना भइ संघ, प्रदेश र स्थानीय तहमा रहने संगठन संरचना र जनशक्तिको दरवन्दी समेत नेपाल सरकारबाट स्विकृत भइसकेको छ । सोही मुताविक नेपाल सरकारको मिति २०७५/०३/२७ को निर्णयबाट स्विकृत नयाँ संघीय संगठन संरचना अनुसार कृषि विभागको पुनर्संरचना भइ महानिर्देशक र चार उपमहानिर्देशकको अलावा एघार शाखाहरु कायम गरिएको छ ।त्यसै गरि विभाग मातहत छ वटा केन्द्रिय निकायहरु र अन्तर्गतका १४ वटा फार्म, केन्द्रहरु रहेका छन् ।




यस पुनर्संरचना संगै विभागको विगतको भूमिकामा समेत परिवर्तन आएको छ । साविकमा देशभरमै कृषि विकासका कार्यक्रमहरुको तर्जुमा र कार्यान्वनको मूल जिम्मेवारी विभाग र मातहतका निकायहरुमा रहेकोमा नयाँ व्यवस्था अनुसार विभागको मूल जिम्मेवारी अन्तर्गत कृषिसंग सम्वन्धित राष्ट्रिय नीति, योजना, मापदण्ड, कानुनी संरचना, अनुगमन तथा मूल्याङ्कन लगायतका विषय क्षेत्रहरु रहेका छन भने कृषि विकास कार्यक्रम तर्जुमा र कार्यान्वनको भूमिका र जिम्मेवारी मूलत: सम्वन्धीत प्रदेश र स्थानीय तहहरुको हुने संवैधानिक व्यवस्था छ ।





## २. निकायको काम, कर्तव्य र अधिकार

संघ प्रदेश र स्थानीय तिनै तहको संगठन र व्यवस्थापन सर्वेक्षणको क्रममा तत्कालिन संगठन र व्यवस्थापन सर्वेक्षण समितिमा पेश गरिएको तथा नेपाल सरकारबाट स्विकृत कृषि विभागको कार्यविवरण देहाय बमोजिम रहेको छ ।

- राष्ट्रिय कृषि उत्पादकत्व वृध्दि सम्वन्धी कार्यको समन्वय,
- कृषि शिक्षा अनुसन्धान र प्रसारवीच समन्वय,
- गुणस्तरीय कृषि उत्पादन श्रोत तथा सामग्रीहरुको उपलव्धतामा समन्वय,
- कृषिको व्यवसायीकरण तथा आधुनिकीकरणको लागि नीतिगत एवं समन्वयतात्मक कार्यहरु गर्ने,
- कृषि कर्जा, बाली विमा एवं विद्युत डिमाण्ड शुल्कमा अनुदान सम्वन्धी कार्यमा समन्वय,
- कृषि विकाससंग सम्वन्धित सरकारी गैर सरकारी र निजी क्षेत्रका निकायहरुवीच समन्वय कायम गर्ने,
- करार खेती प्रवर्द्धन तथा प्रसार सम्वन्धी कार्यहरु,
- कृषि बाली वस्तुमा प्रतिस्पर्धात्मकता प्रवर्द्वन सम्वन्धी कार्यहरु,
- कृषि अनुदान व्यवस्थापन सम्वन्धी कार्यहरु,
- कृषि विकास रणनीतिको कार्यान्वयन सहजीकरण र समन्वय,
- कृषियोग्य जमिनको सदुपयोग तथा गैर कृषिमा प्रयोग निरुत्साहन सम्वन्धी कार्यहरुको समन्वय,
- कृषि क्षेत्रको विकासका लागि आवश्यक बजेट तथा जनशक्ति प्रक्षेपण विश्लेषण तथा अध्ययन अनुसन्धानमा सहयोग र समन्वय,
- कृषि उपजहरुको मूल्य निर्धारण कार्यको समन्वय,
- कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयलाई नीतिगत पृष्टपोषण गर्ने,
- कृषिवस्तुमा भन्सार छुट लगायतका व्यवस्थाका लागि मन्त्रालयमा सिफारिश गर्ने,

- मातहतका निकायहरुवाट संचालित कृषि विकास कार्यक्रमहरुको अनुगमन मूल्यांकन तथा आवश्यक समन्वय,
- कृषि विकासका साझेदारहरुसंग सम्पर्क, समन्वय र सहकार्य सम्वन्धी कार्य,
- संघीय कृषि विकास योजना नीति तथा मापदण्डको कार्यान्वयन व्यवस्था,
- कृषि विकास योजना तथा कार्यक्रम संचालनमा अन्य निकायहरुसंग समन्वय,
- अन्तरगतका निकायहरुको बार्षिक कृषि विकास कार्यक्रम मार्गदर्शन तथा समन्वय,
- प्रांगारिक कृषिको लागि फोकल कार्यालयको रुपमा कार्य गर्ने,
- संघीय कृषि विकास कार्यक्रम अनुगमन तथा मूल्यांकनको नीति तथा मापदण्डको कार्यान्वयन व्यवस्था
- अन्तरगतका निकायहरुको बार्षिक कृषि विकास कार्यक्रमको अनुगमन तथा मूल्यांकन
- वैदेशिक सहयोगमा संचालित कृषि विकास सम्वद्ध आयोजनाहरुसंग आवश्यक समन्वय, अनुगमन तथा मूल्यांकन ।

**३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण**




**कृषि विभागको जनशक्ति विवरण**

| क्र.सं | पद | श्रेणी | सेवा | समूह | दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | महानिर्देशक | रा.प.प्रथम | नेपाल कृषि | समूहिकृत नहुने | 1 | |
| २ | उपमहानिर्देशक | रा.प.प्रथम | नेपाल कृषि | समूहिकृत नहुने | 4 | |
| 3 | उपसचिव | रा.प.द्वितिय | नेपाल प्रशासन | प्रशासन | 1 | |
| 4 | उपसचिव लेखा | रा.प.द्वितिय | नेपाल प्रशासन | प्रशासन | 0 | |
| 5 | बरिष्ठ कृषि अर्थ विज्ञ | रा.प.द्वितिय | नेपाल कृषि | एग्री.इको एण्ड मार्केटिङ्ग | 3 | |


| क्र.सं | पद | श्रेणी | सेवा | समूह | दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| 6 | बरिष्ठ कृषि प्रसार अधिकृत | रा.प.द्‌वितिय | नेपाल कृषि | कृषि प्रसार | 3 | |
| 7 | बरिष्ठ वागवानी विकास अधिकृत | रा.प.द्‌वितिय | नेपाल कृषि | वागवानी | 1 | |
| 8 | बरिष्ठ बाली संरक्षण अधिकृत | रा.प.द्‌वितिय | नेपाल कृषि | बाली संरक्षण | 2 | |
| 9 | बरिष्ठ बाली विकास अधिकृत | रा.प.द्‌वितिय | नेपाल कृषि | बाली विकास | 1 | |
| 10 | बरिष्ठ माटो विज्ञ | रा.प.द्‌वितिय | नेपाल कृषि | स्वायल साइन्स | 1 | |
| 11 | बरिष्ठ कृषि इन्जिनियर | रा.प.द्‌वितिय | नेपाल कृषि | एगृ इन्जि | 1 | |
| 12 | शाखा अधिकृत | रा.प.तृतिय | नेपाल प्रशासन | प्रशासन | 1 | |
| १3 | लेखा अधिकृत | रा.प.तृतिय | नेपाल प्रशासन | लेखा | 1 | |
| १4 | कानून अधिकृत | रा.प.तृतिय | नेपाल न्याय | कानून | 0 | |
| १5 | कृषि अर्थ विज्ञ | रा.प.तृतिय | नेपाल कृषि | एगृ.इको एण्ड मार्केटिङ्ग | 3 | |
| १6 | कृषि बजार विज्ञ | रा.प.तृतिय | नेपाल कृषि | एगृ.इको एण्ड मार्केटिङ्ग | 1 | |
| १7 | कृषि प्रसार अधिकृत | रा.प.तृतिय | नेपाल कृषि | कृषि प्रसार | 4 | |
| १8 | बाली विकास अधिकृत | रा.प.तृतिय | नेपाल कृषि | बाली विकास | 4 | |
| 19 | वागवानी विकास अधिकृत | रा.प.तृतिय | नेपाल कृषि | वागवानी | 4 | |
| 20 | बाली संरक्षण अधिकृत | रा.प.तृतिय | नेपाल कृषि | वागवानी | 3 | |
| 21 | माटो विज्ञ | रा.प.तृतिय | नेपाल कृषि | स्वायल साइन्स | 1 | |
| 22 | कृषि इन्जिनिरयर | रा.प.तृतिय | नेपाल कृषि | इन्जिनिरयर | 1 | |
| 23 | तथ्याङ्क अधिकृत | रा.प.तृतिय | नेपाल कृषि | आ.यो. | 1 | |
| 24 | प्राविधिक सहायक | रा.प.अनं.प्रथम | नेपाल कृषि | एगृ.इको एण्ड मार्केटिङ्ग | 2 | |
| २5 | प्राविधिक सहायक | रा.प.अनं.प्रथम | नेपाल कृषि | कृषि प्रसार | 2 | |
| २6 | प्राविधिक सहायक | रा.प.अनं.प्रथम | नेपाल कृषि | वागवानी | 1 | |
| 27 | सव इन्जिनियर | रा.प.अनं.प्रथम | नेपाल कृषि | इन्जिनियर | 1 | |
| २8 | नायब सुब्बा | रा.प.अनं.प्रथम | नेपाल प्रशासन | सा. प्रशासन | 3 | |
| 29 | लेखापाल | रा.प.अनं.प्रथम | नेपाल प्रशासन | लेखा | 1 | |
| 30 | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | विविध | ............... | 0 | |
| 31 | टा.ना.सु. | रा.प.अनं.प्रथम | नेपाल प्रशासन | सा. प्रशासन | 0 | |
| 32 | खरिदार | रा.प.अनं.द्‌वितिय | नेपाल प्रशासन | सामान्य प्रशासन | 2 | |
| 33 | हलुका सवारी चालक | विहिन | इन्जिनियरिङ्ग | मेकानिकल | 6 | |
| ३4 | कार्यालय सहयोगी | विहिन | नेपाल प्रशासन | सा. प्रशासन | 7 | |
| | **जम्मा** | | | | **67** | |

## ४. निकायबाट प्रदान गरिने सेवा

- प्राविधिक सेवा टेवा
- नीतिगत विषय र सन्चालित कार्यक्रमबारे सूचना तथा जानकारी
- तथ्याङ्किय विवरण
- सञ्चार तथा प्रकाशन सामग्री वितरण
- सचेतनामूलक कार्यक्रम
- कार्यविवरणमा उल्लेख अन्य कार्यहरु

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

### कृषि विभागको संगठन संरचना




### कृषि विभाग अन्तर्गतका कार्यालयहरु

| कृषि विभाग | केन्द्रिय निकायहरु | केन्द्रिय प्रयोगशाला | केन्द्रिय निकाय मातहतका फार्म/केन्द्रहरु | | | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५ | १ | वाली 2 | तरकारी 4 | फलफूल 5 | व्य. किट विकास 2 | यान्त्रीबरण प्रवर्द्धन १ | 21 |

**बैदेशिक श्रोतमा सञ्चालित आयोजनाहरुः**

1. एकिकृत जलश्रोत व्यवस्थापन आयोजना (IWRMP)-World Bank
2. साना तथा मझौला कृषक आयस्तर वृध्दि आयोजना (RISMFP)-ADB (१० जिल्लाहरु)
3. समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र कार्यक्रम (CMIASP)-(६१ स्थानिय तहहरु)
4. रानी जमरा कुलिरिया सिंचाइ आयोजना (RJKIP)-World Bank (१ जिल्ला)
5. Sindhuli Road Corridor- Commercial Agriculture Project (४ जिल्ला)

**६. China Nepal Agriculture Technology Cooperation Project (४ जिल्ला)**

| **क्र.सं.** | **महाशाखा** | **शाखा** | **पद** | **जिम्मेवार अधिकारी** |
|---|---|---|---|---|
| १ | कृषि उत्पादकत्व महाशाखा | बागवानी विकास शाखा | वरिष्ठ वागवानी विकास अधिकृत | शाखा प्रमुख |
| २ | | | वागवानी विकास अधिकृत | |
| ३ | | बाली विकास शाखा | वरिष्ठ बाली विकास अधिकृत | शाखा प्रमुख |
| ४ | | | वाली विकास अधिकृत | |
| ५ | | व्यवसायिक कीट विकास शाखा | वरिष्ठ बाली संरक्षण अधिकृत | शाखा प्रमुख |
| ६ | | | बाली संरक्षण अधिकृत | |
| ७ | | माटो विकास शाखा | वरिष्ठ माटो विज्ञ | शाखा प्रमुख |
| ८ | | | माटो विज्ञ | |
| ९ | प्रविधि तथा समन्वय महाशाखा | प्रविधि विस्तार शाखा | वरिष्ठ कृषि प्रसार अधिकृत | शाखा प्रमुख |
| १० | | | कृषि प्रसार अधिकृत | |
| ११ | | | वाली विकास अधिकृत | |
| १२ | | | बाली संरक्षण अधिकृत | |
| १३ | | कृषि ईन्जिनियरिङ्ग तथा पोष्ट हार्भेष्ट शाखा | वरिष्ठ कृषि ईन्जिनियर | शाखा प्रमुख |
| १४ | | | कृषि ईन्जिनियर | |
| 15 | | | वागवानी विकास अधिकृत | |
| 16 | | कृषि उत्पादन सामाग्री व्यवस्थापन शाखा | वरिष्ठ कृषि प्रसार अधिकृत | शाखा प्रमुख |
| 17 | | | वागवानी विकास अधिकृत | |
| 18 | | | कृषि प्रसार अधिकृत | |
| 19 | | | वाली विकास अधिकृत | |
| 20 | | बाली संरक्षण शाखा | वरिष्ठ बाली संरक्षण अधिकृत | शाखा प्रमुख |
| 21 | | | बाली संरक्षण अधिकृत | |
| 22 | केन्द्रिय आयोजना व्यवस्थापन इकाइ | | वरिष्ठ कृषि अर्थ विज्ञ | उप-महानिर्देशक |
| 23 | | | वरिष्ठ कृषि प्रसार | |

| क्र.सं. | महाशाखा | शाखा | पद | जिम्मेवार अधिकारी |
|---|---|---|---|---|
| | | | अधिकृत | |
| 24 | | | कृषि प्रसार अधिकृत | |
| 25 | | | कृषि अर्थ विज्ञ | |
| 26 | | | वागवानी विकास अधिकृत | |
| 27 | | | वाली विकास अधिकृत | |
| 28 | | | प्राविधिक सहायक (इको.एगृ) | |
| 29 | | | प्राविधिक सहायक कृषि ) (प्रसार | |
| 30 | योजना, अनुगमन तथा व्यवस्थापन महाशाखा | योजना, कार्यक्रम तथा अनुगमन शाखा | वरिष्ठ कृषि अर्थ विज्ञ | शाखा प्रमुख |
| 31 | | | कृषि अर्थ विज्ञ | |
| 32 | | | कृषि प्रसार अधिकृत | |
| 33 | | बजार विकास, आर्थिक विश्लेषण तथा तथ्याङ्क शाखा | वरिष्ठ कृषि अर्थ विज्ञ | शाखा प्रमुख |
| 34 | | | कृषि अर्थ विज्ञ | |
| 35 | | | कृषि अर्थ विज्ञ | |
| 36 | | | तथ्याङ्क अधिकृत | |
| 37 | | प्रशासन शाखा | उपसचिव प्रशासन | शाखा प्रमुख |
| 38 | | | शाखा अधिकृत | |
| 39 | | | लेखा अधिकृत | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

यस विभागबाट प्रदान गरिने सेवा निःशुल्क वा नियमानुसार लाग्ने दस्तुर लिई प्रदान गरिने छ र सो को लागि सेवाको प्रकृति अनुसार तुरुन्तै वा वढीमा एक हप्ता अवधी लाग्नेछ । यस सम्बन्धि विस्तृत विवरण तालिका १ मा उल्लेख गरिएको नागरिक बडापत्रमा उल्लेख गरिएको छ ।

**<u>नागरिक वडापत्र (Citizen Charter)</u>**

| क्र.सं. | प्रदान गरिने सेवा तथा सुविधाहरुको विवरण | पेश गर्नुपर्ने आवश्यक कागजात तथा प्रमाणपत्रहरु | सेवा प्राप्त गर्न लाग्ने समय तथा अवधि | लाग्ने दस्तुर तथा शुल्क | शाखा | जिम्मेवार कर्मचारी | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| **१** | **प्रशासनिक जानकारी एवं सेवा प्रवाह** | | | | | | | |
| १.१ | पदपूर्ती व्यवस्था | रिक्त पद भएको प्रमाणीत कागजातहरु | लोक सेवा आयोगको क्यालेण्डर अनुसार | निःशुल्क | प्रशासन शाखा | सम्बन्धित अधिकृत | उ.म.नि(व्यवस्थापन) | |
| १.२ | सरुवा | निर्धारीत दरखास्त फारम | नि.से.नि. अनुसार | निःशुल्क | प्रशासन शाखा | सम्बन्धित अधिकृत | उ.म.नि(व्यवस्थापन) | |

| क्र.सं. | प्रदान गरिने सेवा तथा सुविधाहरुको विवरण | पेश गर्नुपर्ने आवश्यक कागजात तथा प्रमाणपत्रहरु | सेवा प्राप्त गर्न लाग्ने समय तथा अवधि | लाग्ने दस्तुर तथा शुल्क | शाखा | जिम्मेवार कर्मचारी | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १.३ | असाधारण/अध्ययन बिदा | निर्धारीत दरखास्त फारम | दरखास्त दिएको ३ दिन भित्र | निःशुल्क | प्रशासन शाखा | सम्बन्धित अधिकृत | उ.म.नि(व्यवस्थापन) | |
| १.४ | विभागीय/ उजुरीको कारवाही | सम्बन्धित कार्यालयको आधिकारीक पत्र/ निवेदन | दरखास्त दिएको ३ दिन भित्र | निःशुल्क | प्रशासन शाखा | सम्बन्धित अधिकृत | उ.म.नि(व्यवस्थापन) | |
| १.५ | सेवारत कर्मचारीको औषधि उपचार खर्च | कार्यालयको सिफारीस, व्यक्तिको निवेदन, भर्ना भएको र डीस्चार्ज भएको अस्पतालको पत्र, प्रेस्कृप्सन तथा सक्कल बिल भरपाई, निजामती किताबखाना को पत्र | दरखास्त दिएको ३ दिन भित्र | निःशुल्क | प्रशासन शाखा | लेखा अधिकृत | उ.म.नि(व्यवस्थापन) | |
| १.६ | व्यक्ती तथा संस्थाको सेवा र कार्यको भुक्तानी | बिल भरपाई लगायतका सक्कल कागजातहरु | दरखास्त दिएको ३ दिन भित्र | निःशुल्क | प्रशासन शाखा | लेखा अधिकृत | उ.म.नि(व्यवस्थापन) | |
| **२** | **योजना, अनुगमन तथा जनशक्ती सम्बन्धि** | | | | | | | |
| २.१ | बार्षिक योजना तर्जुमा/ कार्यक्रम तथा बजेट संसोधन | राष्ट्रिय योजना आयोगले तोकेको फर्मेट अनुसार | रा.यो.आ. को क्यालेन्डर अनुसार | निःशुल्क | योजना, कार्यक्रम तथा अनुगमन शाखा | वरिष्ठ कृषि अर्थ विज्ञ | उ.म.नि(योजना, अनुगमन) | |
| २.२ | जनशक्ति सम्बन्धि कार्य(विवरण अद्यावधिक, अध्ययन तालीम र गोष्ठीका लागी उम्मेदवार मनोनयन गरी स्विकृतीका लागी कारवाही गर्ने) | कृषि विभागको निर्धारीत फर्मेट | आवश्यकता अनुसार | निःशुल्क | योजना, कार्यक्रम तथा अनुगमन शाखा | सम्बन्धित अधिकृत | उ.म.नि(योजना, अनुगमन) | |

| क्र.सं. | प्रदान गरिने सेवा तथा सुविधाहरुको विवरण | पेश गर्नुपर्ने आवश्यक कागजात तथा प्रमाणपत्रहरु | सेवा प्राप्त गर्न लाग्ने समय तथा अवधि | लाग्ने दस्तुर तथा शुल्क | शाखा | जिम्मेवार कर्मचारी | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| २.३ | प्रतिवेदन तयारी/प्रकाशन/समिक्षा/मासिक बैठक सञ्चालन | राष्ट्रिय योजना आयोगले तोकेको फर्मेट अनुसार | रा.यो.आ. को क्यालेन्डर अनुसार | निःशुल्क | योजना, कार्यक्रम तथा अनुगमन शाखा | वरिष्ठ कृषि अर्थ विज्ञ | उ.म.नि(योजना, अनुगमन) | |
| **३** | **विषयगत तथा विशिष्टिकृत सेवाहरु** | | | | | | | |
| ३.१ | प्रविधि विस्तार तथा समन्वय सम्बन्धि | | सोही दिन | निःशुल्क | प्रविधि विस्तार शाखा | शाखा प्रमुख | उ.म.नि(प्रविधि तथा समन्वय) | |
| ३.२ | कृषि ईञ्जिनियरीङ्ग तथा पोष्ट हार्भेष्ट सम्बन्धि | | सोही दिन | निःशुल्क | कृषि ईञ्जिनियरीङ्ग तथा पोष्ट हार्भेष्ट शाखा | शाखा प्रमुख | उ.म.नि(प्रविधि तथा समन्वय) | |
| ३.३ | कृषि उत्पादन सामाग्री व्यवस्थापन सेवा सम्बन्धि | | सोही दिन | निःशुल्क | कृषि उत्पादन सामाग्री व्यवस्थापन शाखा | शाखा प्रमुख | उ.म.नि(प्रविधि तथा समन्वय) | |
| ३.४ | बाली संरक्षण सेवा सम्बन्धि | | सोही दिन | निःशुल्क | बाली संरक्षण शाखा | शाखा प्रमुख | उ.म.नि(प्रविधि तथा समन्वय) | |
| ३.५ | बाली विकास सेवा सम्बन्धि | | सोही दिन | निःशुल्क | बाली विकास शाखा | शाखा प्रमुख | उ.म.नि(कृषि उत्पादकत्व) | |
| ३.६ | व्यवसायिक कीट विकास सेवा सम्बन्धि | | सोही दिन | निःशुल्क | व्यवसायिक कीट विकास शाखा | शाखा प्रमुख | उ.म.नि(कृषि उत्पादकत्व) | |
| ३.७ | माटो व्यवस्थापन सेवा सम्बन्धि | | सोही दिन | निःशुल्क | माटो व्यवस्थापन शाखा | शाखा प्रमुख | उ.म.नि(कृषि उत्पादकत्व) | |
| ३.८ | बजार विकास सेवा सम्बन्धि | | सोही दिन | निःशुल्क | बजार विकास, आर्थिक विश्लेषण तथा तथ्याङ्क शाखा | शाखा प्रमुख | उ.म.नि(कृषि उत्पादकत्व) | |
| ३.९ | कृषि विभाग मातहत आयोजनाहरुको जानकारी | | सोही दिन | निःशुल्क | केन्द्रिय आयोजना व्यवस्थापन ईकाई | सम्बन्धित अधिकृत | उ.म.नि(केन्द्रिय आयोजना व्यवस्थापन ईकाई) | |
| **४** | **अन्य सेवाहरु** | | | | | | | |

| क्र.सं. | प्रदान गरिने सेवा तथा सुविधाहरुको विवरण | पेश गर्नुपर्ने आवश्यक कागजात तथा प्रमाणपत्रहरु | सेवा प्राप्त गर्न लाग्ने समय तथा अवधि | लाग्ने दस्तुर तथा शुल्क | शाखा | जिम्मेवार कर्मचारी | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ७.५ | बाली विमा सम्बन्धि जानकारी | | सोही दिन | निःशुल्क | कृषि उत्पादन सामाग्री व्यवस्थापन शाखा | शाखा प्रमुख | उ.म.नि(प्रविधि तथा समन्वय) | |
| ८.५ | प्राङ्गारीक कृषि सम्बन्धि जानकारी | | सोही दिन | निःशुल्क | बागवानी विकास शाखा | शाखा प्रमुख | उ.म.नि(कृषि उत्पादकत्व) | |
| ९.५ | कृषि सम्बन्धि तथ्याङ्क | कृषि विभागको निर्धारीत फर्मेट | दरखास्त दिएको ३ दिन वा तोकिएको समय भित्र | निःशुल्क | बजार विकास, आर्थिक विश्लेषण तथा तथ्याङ्क शाखा | शाखा प्रमुख | उ.म.नि(कृषि उत्पादकत्व) | |

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

यस विभागबाट निर्णय गर्दा "सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५" लाई परिपालन गर्ने गरिएको छ।अधिकार प्रत्यायोजन भएका विषयहरुमा शाखा प्रमुखहरुबाट तत्काल निर्णय हुने व्यवस्था मिलाईएको छ भने विभागिय प्रमुखबाट हुनु पर्ने निर्णयहरुको हकमा टिप्पणी प्रकृया अबलम्बन गरिने छ । यसका अलावा विभागको आन्तरिक कार्यहरु सम्पादनका लागी मासिक बैठकहरुमा समेत निर्णय गर्ने व्यवस्था मिलाईएको छ भने कतिपय विषयवस्तुलाई छिटो छरितो रुपमा सम्पादन गर्नुपर्ने अवस्थामा सेवाग्राहीको निवेदनमा नै तोकआदेश गरी निर्णय प्रकृयालाई द्रुत तथा कार्यान्वयनलाई छरितो वनाउने व्यवस्था मिलाईएको छ ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

प्रचलित कानुन बमोजिम तोकिएको विषयमा सोही बमोजिम नै हुने छ भने अन्यको हकमा यस विभागबाट गरिएका निर्णय उपर उजुरी गर्नु परेमा निर्णय गर्ने अधिकारी भन्दा एक श्रेणी माथीका अधिकारी समक्ष उजुरी गर्नु पर्ने छ । यसरी सेवाग्राहीले प्रत्यक्ष रुपमा निवेदन मार्फत वा कार्यालयमा व्यवस्था गरिएको उजुरी पेटिकामा आफ्नो गुनासो वा उजुरी दिन सक्ने छन् । प्राप्त उजुरीहरुलाई नियमित रुपमा संकलन तथा विश्लेषण गरी व्यवस्थापन गर्न गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ ।

## ९. सम्पादन गरेको कामको विवरण

<u>**कृषि विभाग**</u>

- **बाली बीमा अनुदान**

बिमा समितिलाई गत आ.व. तथा यस आ.व. को हालसम्मको कृषि विमा प्रिमियम शूल्क अनुदान बापतको रकम रु ४ करोड ४६ लाख ९५ हजार अनुदान उपलब्ध गराईएको जसबाट करिव १750 जना कृषक लाभान्वित भएका

- **शितघरमा बिजुली प्रयोग अनुदान**

  कृषि प्रयोजनका शितघरहरुको कूल विजुली प्रयोगको ५० प्रतिशत रकम बापत जरिवाना बाहेक रु ५ करोड अनुदान नेपाल बिद्युत प्राधिकरण लाई प्रदान गरिएको जसबाट ३५ वटा शितघर लाभान्वित भएका

- **अभिमुखिकरण**

  १४ स्थानीय तहका पदाधिकारी तथा कृषि शाखाका कर्मचारीहरुलाई कृषि विकास कार्यक्रम सम्बन्धी अमुखिकरण तथा कर्णाली र सुदुरपश्चिम प्रदेशमा कृषि नीति तथा तथ्याङ्क सम्बन्धी अभिमुखिकरण

- **प्राङ्गारीक कृषि कार्यक्रम**

  विभिन्न निकायहरुमार्फत प्राकारिक कृषि प्रवर्द्धन कार्यक्रा सञ्चालन गरिएको जसबाट रैथाने बाली प्रवर्द्धनमा सहयोग पुगेको (रैथाने बालीका परिकार तयारी सम्बन्धी तालिम, स्थानिय एवम् रैथाने बालीहरुको बीउ संकलन गरी Display मा राखिएको, Diversity Block स्थापना, on farm market outlet स्थापना आदी )

- विविध
  बाली वीमा पुस्तक प्रकाशन, कृषि विभागको चिनारी प्रकाशन, कृषि प्रसार शिक्षा तथा अनुसन्धान समन्वय, परम्परागत कृषि प्रविधि अभिलेखिकरण, नविनतम कृषि प्रविधि प्रचार प्रसार तथा CMIASP आयोजना संयोजन एवम् बाली बिमा, सुरक्षित विषादी प्रयोग, यान्त्रिकिकरण र प्राङ्गारीक कृषि सम्बन्धि PSA तयार गरी नेपाल टेलिभिजन बाट प्रसारण गरिएको।

**कृषि पुर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम**

- कृषि बजारको DPR तयार
- १०५७ स्यालो टयूववेल र २४ वटा डिप ट्यूबवेल जडान गरिएको
- ३१ स्थानीय तह मार्फत कृषि बजार पूर्वाधार निर्माण
- बाह्रौं राष्ट्रिय प्राङ्गारिक कृषि मेला प्रदर्शनी तथा ३८ औँ वशि्व खाद्य दविशि कार्‌यक्‌रम

**राष्ट्रिय आलु तरकारी तथा मसलाबाली विकास कार्यक्रम**

- आलु, तरकारी तथा मसलावालीहरुको वीउ तथा वेर्ना उत्पादन तथा वितरण
- उन्नत प्रविधि प्रदर्शन, क्षमता अभिवृद्धी तालिम तथा प्रसार
- बगर खेती कार्यक्रम

- प्राङ्गारिक कृषि प्रवर्द्धन मिशन कार्यक्रम

**बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र**

- धान, गहुँ, मकै, तोरी लगायतका बालीहरुको वीउ उत्पादन तथा वितरण
- उन्नत प्रविधि प्रदर्शन, क्षमता अभिवृद्धी तालिम तथा प्रसार
- १६ औं राष्ट्रिय धान दिवस कार्यक्रम
- रैथाने बाली प्रबर्द्धन कार्यक्रम

**राष्ट्रिय फलफूल विकास केन्द्र**

- विभिन्न फलफूल वालीहरुको वीउ तथा वेर्ना उत्पादन तथा वितरण
- उन्नत प्रविधि प्रदर्शन, क्षमता अभिवृद्धी तालिम तथा प्रसार
- सार्वजनीक तथा निजी जग्गामा ४९८ हे व्यवसायिक फलफूल खेती विस्तार कार्यक्रम तथा कागती प्रवर्द्धन कार्यक्रम

**व्यवसायीक किट विकास केन्द्र**

- रेशम विज उत्पादन, मौरी रानु उत्पादन तथा च्याउ स्पन उत्पादन कार्यक्रम
- उन्नत प्रविधि प्रदर्शन, क्षमता अभिवृद्धी तालिम तथा प्रसार
- दाङ्ग जिल्लामा १० हे क्षेत्रफलमा किम्बु खेती वस्तार

**केन्द्रिय कृषि प्रयोगशाला**

- बालि संरक्षण प्रयोगशाला निदान सेवा
- माटो तथा मलखादको नमुना बिष्लेशण
- घुम्ति प्रयोगशाला मार्फत माटो जाँच
- माटो तथा विरुवाको नमुना संकलन तथा सुक्ष्म तत्व विष्लेशण
- बिउ नमुना  परिक्षण

**साना तथा मझौला कृषक आयस्तर अभिबृद्धि आयोजना**

- मागमा आधारित उच्च मूल्य वस्तु उत्पादन कार्यक्रम
- मागमा आधारित उच्च मूल्य वस्तु उत्पादन बजार प्रवर्धन र पोष्ट हार्भेष्ट कार्यक्रम सन्चालन

**रानीजमरा कूलरीया सिँचाइ आयोजना**

- व्यवसायीक फलफूल तथा तरकारी क्षेत्र विस्तार

- धान तथा गहुँ विजबृद्धी कार्यक्रम
- कृषि औजार/उपकरण अनुदान
- पशु उत्पादन सहयोग
- केरा खेतीमा थोपा सिँचाइ प्रवर्द्धन कार्यक्रम

**रैथाने बाली प्रवर्द्धन कार्यक्रम**

- बाजुरामा पहिलो पटक बाजुरा अर्गानिक कोशेली घर स्थापना गरी आगामी आ.व. वाट कारोवार शुरु गर्ने गरी कार्यक्रम अगाडी वढाईएको। १२ प्रकारका रैथाने वाली तथा जातहरु नार्कको जिन वैंकमा पुर्‍याईएको।
- स्याङ्जा, पर्वत, धादिङ्ग, ललितपुर, सिन्धुलीमा होटल व्यवसायी/ होमस्टेलाइ रैथाने बालीका परिकार तयारी सम्बन्धी तालिम ५ वटा सम्पन्न
- ३२ जेष्ठ २०७६ देखी ३ असार २०७६ सम्म कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुर, चितवनमा आयोजित ***कृषि प्रदर्शनि तथा कृषक मेला २०७६*** को सह-आयोजकको रुपमा रैथाने बालीहरुको प्रवर्द्धनार्थ सहभागी।
- जुम्ला, हुम्ला, मुगु लगायत विभिन्न स्थानबाट रैथाने बालीका नमुनाहरुको सङ्कलन गरी nutrient analysis का लागी खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा पठाईएको
- रैथाने बालीको मुल्यश्रृंखलामा आवद्ध कृषक, व्यवसायी एवं सरोकारबाला हरुको संलग्तनामा ***क्रेता र विक्रेता विच buy back agreement र संजाल निर्माण*** गरिएको
- धादिङ्ग, सिन्धुलीमा २ वटा Diversity Block स्थापना भएको। काभ्रेमा ५० प्रतिशत अनुदानमा 4 वटा हाते ट्र्याकटर वितरण भएको। चितवन र सिन्धुलिमा on farm organic market outlet स्थापना भएको

**प्राङ्गारीक खेती प्रवर्द्धन मिसन कार्यक्रम**

- "प्राङ्गारिक उत्पादन" का लागि 76 वटा नयाँ प्लाष्टिक घर निर्माण भई कुल 11.4 हेक्टरमा प्राङ्गारिक तरकारी खेती भएको जसबाट अनुमानीत 285 मे.टन तरकारी उत्पादन हुने।
- कुल 54 हेक्टर क्षेत्रफलमा समूह तथा सहकारीद्वारा खुल्ला जमीनमा "प्राङ्गारिक उत्पादन" का लागि खेती भएबाट अनुमानीत ७५६ मे.टन तरकारी उत्पादन हुने।
- प्राङ्गारिक खेती परीक्षण कार्यक्रम (Pilot Program) अन्तर्गत विभिन्न जिल्लाहरुमा कुल 39 हेक्टरमा समूह र सहकारी मार्फत खुल्ला जमीनमा खेती भएबाट अनुमानीत 546 मे.टन तरकारी उत्पादन हुने ।
- जम्मा 37 वटा पुराना प्लाष्टिक घर सुधार भई 5.5 हेक्टर क्षेत्रफलमा प्राङ्गारिक तरकारी खेतीबाट अनुमानीत 137.5 मे.टन तरकारी उत्पादन हुने ।
- विभिन्न नीजी फार्महरूबाट 22 हेक्टर खुल्ला जमीनमा प्राङ्गारिक तरकारी खेती भई अनुमानीत 308 मे.टन तरकारी उत्पादन हुने।

- प्राङ्गारिक खेती सम्बन्धी सहायकस्तर  अधिकृतस्तर र प्राङ्गारिक निरीक्षक तालिमको पाठ्यक्रम तयार भएको। प्राङ्गारिक उत्पादन प्रविधी सम्बन्धी अधिकृतस्तर-१ र सहायकस्तर-१ तालिम संचालनबाट संघ, प्रदेश र स्थानीय तहका ४३ जना प्राविधिकहरुको क्षमता अभिवृद्धी

**कृषि पूर्वाधार तथा बजार विकास कार्यक्रम**

- हेटौडा, बिरगञ्ज, पोखरा, बर्दिबास, मोरङ्ग-रङ्गेली, बुटवल (सेमलार), ईटहरी, बर्दियाको बारबर्दिया न.पा.-२ र कपिलवस्तुको वाणगंगा सहित ९ स्थानहरुको लागि कृषि थोक बजारको विस्तृत परियोजना प्रतिवेदन (Detailed Project Report-DPR) तयार गरिएको।
- मुलुकका उत्तर र दक्षिण सडक करिडोरमा (१३ वटा) तरकारी तथा फलफूलको सघन मूल्य श्रृङ्खला विकास कार्यक्रम सञ्चालनको लागि विस्तृत परियोजना प्रस्ताव तयार गरिएको।
- प्राङ्गारिक कृषिको प्रवर्द्धनको लागि २०७५ फागुन १६ देखि १९ गतेसम्म गरिएको बाह्रौं राष्ट्रिय प्राङ्गारिक कृषि मेला प्रदर्शनीमा १२५ वटा स्टलमा कृषक समुह सहकारी कृषि व्यवसायी तथा उद्यमीहरुबाट आफ्ना उत्पादन भएको। उक्त प्रदर्शनीको करिव ५० हजार दर्शकहरुले अवलोकन गरेका।
- नारायणगढको क्षेत्रपुरमा रहेको महानगर फलफुल तथा तरकारी थोक बजार मार्फत तरकारी तथा फलफूलको अक्सन बजार शुरुवात गरिएको।उदयपुरको वेलका न.पा. को साझेदारीमा वृहत आधुनिक नमुना फार्म स्थापनाको लागि उक्त नगरपालिकासंग सम्झौता गरी कार्यक्रम गरिएको।
- १०५७ स्यालो टयूववेल जडान बाट लगभग ३१७१ हेक्टर तथा २४ थान डिप टयूववेल जडानबाट ९६० हेक्टर कृषि जमिनम सिंचाई सुविधा विस्तार भएको।
- काठमाण्डौं उपत्यकाको तारकेश्वर न.पा र सहकारी (मनमुरी कृषि सहकारी) को सहकार्यमा कृषि उपज बजार स्थल निर्माण गरिएको।देशका विभिन्न २९ स्थानका स्थानिय तह मार्फत ३१ कृषि बजार पूर्वाधार निर्माण गर्नको लागि बजेट विनियोजन गरिएको।

**मुलुकका उत्तर र दक्षिण सडक करिडोरमा (१३ वटा) तरकारी तथा फलफूलको सघन मूल्य श्रृङ्खला विकास कार्यक्रम सञ्चालनको लागि विस्तृत परियोजना प्रस्तावको सारांश**

- Selected Value chains: 8 Commodities
  1. Cabbage 2. Cauliflower 3. Citrus 4. Cauliflower 5. Potato 6. Apple 7. Walnut 8. Tomato
- Proposed Production Pockets:780
- Years of Implementation: 5
- Project Total Cost: NRS.8 .82 billion
- Project Components
  1. Increasing Productivity and reducing Postharvest Losses
  2. Improved Market Access and Facilities
  3. Improved Market Linkage and Relationships
  4. Project Management

**RISMFP**

यस आयोजना संग अनुदान संझौता गरेका ६४५ वटा उच्च मुल्य जानी वालीले ढाकेको क्षेत्रफल ८६७६.९२ हेक्टर वृद्धि तथा उत्पादन परिमाण १११५५५.९५८ टनले वृद्धी भएको। उपआयोजना संचालन गर्ने सहकारी, समुह र कृषि उद्यमीहरुको आम्दानी क्रमश १०६५४०, १३६४४५, १६६६०६२ ले वृद्धि भएको। लाभान्वित मध्ये ६५ प्रतिशत महिला रहेका छन्।

**RJKIP**

65 हेक्टरमा फलफूल (केरा) क्षेत्र विस्तार, 123 हेक्टर क्षेत्रफलमा तरकारी ब्लक उत्पादन प्रदर्शन, 341 हेक्टर क्षेत्रफलमा धान र गहुँ वालीमा वृजविद्धि, ४ वटा वीउ भण्डारण घर निर्माण, २ वटा हाइटेक नर्सरी निर्माण, ५ वटा पोलिहाउस निर्माण, १ वटा केरा पकाउने च्याम्बर निर्माण, 674 वटा कृषि औजार/उपकरणमा अनुदान सहयोग।

**अन्य कार्यक्रम**

**बगर खेती कार्यक्रमः** कृषि ज्ञान केन्द्र सुनसरी, कपिलवस्तु र कंचनपुरमा 265 विघामा वगरमा खेति विस्तार भई 4240 मे.टन थप तरकारी उत्पादन भएको साथै यसबाट 1325 जना कृषक लाभान्वित भएका ।

**केन्द्रीय कृषि प्रयोगशाला** मार्फत माटोको नमुना बिष्लेशण -347 वटा, मलखादको गुणस्तर विष्लेशण -45 वटा , सुक्ष्म तत्व विष्लेशण - 37 वटा, घुम्ति प्रयोगशाला मार्फत माटो परिक्षण शिविर संचालन - 8 पटक, बिउको नमुनाको क्रसचेक संख्या - ३07 वटा भएको।

**विभिन्न फलफूल फार्महरु** मार्फत फलफूल बिरुवा उत्पादन-२१९०४०, फलफूल बिरुवा बिक्रि वितरण-१२७३९९, आलङ्कारिक बिरुवा उत्पादन तथा बिक्री-२३५००, फलफूल रुटस्टक उत्पादन-३२५०००, तरकारी वीउ उत्पादन - ५४५७ के.जी. तरकारी बेर्ना विक्री वितरण -३७५००० हजार, कफी बिरुवा बिक्रि वितरण 10000 भएको।

**निजी जग्गामा फलफूल विस्तार कार्यक्रम** तथा कागती प्रवर्द्धन कार्यक्रमबाट ४९८.६ हेक्टरमा फलफुल खेती विस्तार भएको। सार्वजनिक जग्गामा ( सिंहदरबार परिसर, मन्त्री निवास, राष्ट्रपति भवन, प्रधानमन्त्री क्वाटर) जम्मा 766 वटा विरुवा रोपण गरिएको ।

**विभिन्न बाली विकास केन्द्रहरु** मार्फत गहुँ ३३.६ मेट, चैते धान १७ मेट, धान १३१ मेट, तोरी ४८० केजी, मसुरो ११०० केजी तथा मुङ्ग/बोडी १५० केजी उत्पादन भएको

**विभिन्न तरकारी फार्महरु** मार्फत १८ के.जी. विभिन्न तरकारीको प्रजनन् वीउ, १९९१.6 केजी विभिन्न तरकारीको मूल वीउ, ३७२३ ग्राम वर्णशंकर जात श्रृजनाको वीउ उत्पादन तथा वितरण, २६ लाख 63 हजार विभिन्न तरकारीको वेर्ना उत्पादन तथा वितरण, २ लाख अलैंचीको वेर्ना उत्पादन तथा वितरण एवम् ८ के.जी. आलुको टिपिएस उत्पादन तथा १०.६ मे.टन आलुको वेसिक वीउ उत्पादन भएको।

**१०. सूचना अधिकारी र प्रमुखको नाम र पद**

नामः डा. राम कृष्ण श्रेष्ठ

पदः वरिष्ठ कृषि प्रसार अधिकृत

मोबाईल नं.  +९७७-९८51212550
ईमेलः rksathi05@gmail.com

**११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची**

(१) ऐनहरू

(१) खाद्य ऐन, २०२३

(२) दाना पदार्थ ऐन, २०३३

(३) बीउ विजन ऐन, २०४५

(४) जीवनाशक विषादि ऐन, २०४८

(५) राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन, २०४९

(६) बिरूवा संरक्षण ऐन, २०६४

(७) कृषि तथा पशुधन बीमा लेख, २०६९

(२) नियमावलीहरू

(१) खाद्य नियमावली, २०५७

(२) बीउ विजन नियमावली, २०६९

(३) आदेशहरू

(१) कपास विकास समिति (गठन) आदेश, २०३७

(२) चन्द्रडाँगी बीउ विजन तथा दुग्ध विकास समिति (गठन) आदेश, २०५२

(३) रासायनिक मल (नियन्त्रण), आदेश, २०५५

(४) कालिमाटी फलफूल तथा तरकारी बजार विकास समिति (गठन) (तेश्रो संशोधन) आदेश, २०६३

(४) नीतिहरू

(१) दीर्घकालीन कृषि योजना प्रभावकारी रूपमा कार्यान्वयन गर्ने सम्बन्धी नीतिगत तथा संस्थागत व्यवस्था, २०५०

(२) राष्ट्रिय बीउ विजन नीति, २०५६

(३) राष्ट्रिय चिया नीति, २०५७

(४) राष्ट्रिय मल नीति, २०५८

(५) राष्ट्रिय कफी नीति, २०६०

(६) सिंचाई नीति, २०६०

(७) राष्ट्रिय कृषि नीति, २०६१

(८) कृषि व्यवसाय प्रवद्र्धन नीति, २०६३

(९) कृषि जैविक विविधता नीति, २०६३

(१०) पुष्प प्रवर्धन नीति, २०६९

(११) कृषि यान्त्रिकरण नीति, २०७०

(१२) वाणिज्य नीति, २०६५

(१३) जलवायु परिवर्तन नीति, २०६७

(१४) औद्योगिक नीति, २०६७

(१५) आपूर्ति नीति, २०६९

(१६) विज्ञान तथा प्रविधि नीति, २०६१

(१७) जैविक प्रविधि नीति, २०६३

(१८) कृषि यान्त्रिकरण प्रवद्र्धन नीति, २०७१

(१९) कृषि जैविक विविधता नीति, २०६३

(२०) वन नीति, २०७१

(५) निर्देशिकाहरू

(१) साना सिंचाई विशेष कार्यक्रम

(२) सहकारी खेतीमा आधारित साना सिंचाई स्कीम कार्यक्रम

(३) कृषि उपज बजार स्थलको व्यवस्था तथा सञ्चालन सम्बन्धी निर्देशिका, २०५३ (संशोधन सहित)

(४) खाद्य पोषण सुरक्षा अभियान कार्यक्रम अन्तर्गत रासायनिक मल तथा बीउ विजनमा ढुवानी अनुदान सहुलियत उपलब्ध गराउने कार्यको निर्देशिका, २०५९

(५) प्रयोगशालाहरूको सःशुल्क सेवा सम्बन्धी कार्यान्वयन निर्देशिका, २०५९/६०

(६) कृषि क्षेत्रको लागि वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०६०

(७) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत करार तथा साझेदारी कार्यक्रम–सञ्चालन निर्देशिका, २०६१

(८) कृषि बिकास योजना, जनकपुरको साना सिंचाई (स्यालो ट्यूबवेल) कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६४

(९) हिउँदे हाइब्रीड मकै क्षति राहत निर्देशिका, २०६७

(१०) हिउँदे हाइब्रीड मकै क्षति प्रभावित क्षेत्रमा Shallow tubewell कार्यान्वयन निर्देशिका, २०६७

(११) प्राङ्गारिक मल अनुदान निर्देशिका, २०६८

(१२) प्राङ्गारिक कृषि उत्पादनको सामूहिक प्रमाणीकरणका लागि आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०६९

(१३) प्राङ्गारिक कृषि उत्पादनको सहभागीतामूलक गुणस्तर निर्धारण प्रणाली सञ्चालन सम्बन्धी मार्गदर्शन, २०६९

(१४) बीउ विजनको दीर्घकालिन राष्ट्रिय सोच, २०७०

(६) कार्यविधिहरू, मार्गदर्शन, मापदण्ड बीमा आदि

(१) कृषि क्षेत्रको निक्षेपण सम्बन्धी कार्य सञ्चालन कार्यविधि, २०५९

(२) कृषि फार्म/केन्द्रहरूको दोहोरो मार्ग व्यवस्थापन प्रणाली तथा अतिरिक्त कार्यक्रम सञ्चालन कोष सम्बन्धी कार्यविधि, २०६०

(३) कर्णाली अञ्चलका ५ वटै जिल्लाहरू तथा मुस्ताङ्ग जिल्लाबाट उत्पादित स्याउको लागि कार्टुन तथा ढुवानी अनुदान नर्म्स एवम् कार्यविधि, २०६६ (संशोधन सहित)

(४) कर्णाली अञ्चलका प्रत्येक जिल्ला तथा सोलुखुम्बुबाट सिमी ढुवानी अनुदान नमर्स तथा कार्यविधि, २०६६

(५) सामुदायिक बीउ बैंक स्थापना सम्बन्धी कार्यविधि, २०६६

(६) मौरी गोला उपहार कार्यक्रमको कार्यविधि, २०६६

(७) बुटवल कृषि उपज थोक बजार सञ्चालन कार्यविधि, २०६७

(८) अभियानमुखी सुन्तलाजात बगैचा प्रवद्र्धन कार्यक्रम कार्यविधि

(९) अभियानमुखी प्याज कार्यक्रम सञ्चालन कार्यविधि, २०६८

(१०) अभियानमुखी मकै तथा भटमास कार्यक्रम कार्यविधि

(११) अभियानमुखी मत्स्य कार्यक्रम कार्यविधि

(१२) श्रोत संरक्षण प्रविधि प्रदर्शनी कार्यक्रम कार्यविधि

(१३) सहकारी संघ/संस्थालाई उपलब्ध गराउने अनुदान एवम् भन्सार महसुलमा छुट सुविधा सिफारिस सम्बन्धी कार्यविधि, २०६८

(१४) प्राङ्गारिक तथा जैविक मल नियमन कार्यविधि, २०६८

(१५) कृषकहरूलाई उन्नत बीउ विजन खरीद मूल्यमा अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०६८

(१६) बीउ आलु आत्मनिर्भर कार्यक्रम संचालन कार्यविधि, २०६८ तथा रष्टिक स्टोर निर्माणमा अनुदान सम्बन्धी नर्मस्

(१७) कृषि यान्त्रिकरण तथा पशुधन उद्योग स्थापनामा पूँजीगत अनुदान तथा भन्सार मिनाहा र मूल्य अभिवृद्धि कर छुट सुविधा सिफारिस सम्बन्धी कार्यविधि, २०६९

(१८) राष्ट्रिय प्राङ्गारिक कृषि सम्बन्धी प्रदायक निकायको सम्बन्धन प्रदान गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०६९

(१९) प्राङ्गारिक कृषि उत्पादन निर्यातका लागि प्रमाणीकरण शुल्क अनुदान उपलब्ध गराउने व्यवस्था सम्बन्धी कार्यविधि, २०६९

(२०) प्राङ्गारिक कृषि उत्पादनको सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली सञ्चालन सम्बन्धी मार्गदर्शन, २०६९

(२१) बाली तथा पशुपंक्षी बीमा निर्देशन, २०६९

(२२) सुन्तलाजात फलफूल बगैंचा दर्ता कार्यविधि

(२३) अदुवा बेसार प्रदर्शन कार्यक्रम सम्बन्धी कार्यविधि तथा नर्मस्

(२४) उच्च मूल्य कृषि वस्तु विकास आयोजना, आयोजना व्यवस्थापन कार्यालय नर्मस्

(२५) लेख रचनाको पारिश्रमिक परिमार्जन सम्बन्धी नर्मस्

(२६) प्लाष्टिक पोखरी निर्माण कार्यविधि, २०७०

(२७) सर्भे सभिर्लेन्स कार्यक्रम संचालन कार्यविधि, २०७०

(२८) शित भण्डार निर्माणका लागि अनुदान उपलव्ध गराउने सम्बन्धी कार्यविधि, २०७०

(२९) कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि, २०७०

(३०) कृषि सहकारी संस्थालाई कृषि उपज खरिद बिक्रीका लागि अनुदान वितरण कार्यविधि, २०७०

(३१) अभियानमूलक समस्या निदान कार्यक्रम संचालन कार्यविधि, २०७०

(३२) नमूना आई. पि. एम. गाउँ स्थापना तथा संचालन कार्यविधि, २०७०

(३३) अभियानमुखी तेलहन बाली उत्पादन आयोजनाको कार्यक्रम संचालन कार्यविधि, २०७०

(३४) कार्यक्रम कार्यान्वयन कार्यविधि स्वीकृती, २०७०

(क) मध्य पहाडी वृहत्तर मकै उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७०

(ख) सहायक बाली प्रवद्र्धन कार्यक्रम, कार्यान्वयन कार्यविधि, २०७०

(ग) जुट खेती विस्तार तथा प्रवद्र्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७०

(घ) उखु खेती विस्तार तथा प्रवद्र्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७०

(ङ) रबर खेती विस्तार तथा प्रवद्र्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७०

(च) मुसुरो उत्पादन प्रवद्र्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०६८ (पहिलो संशोधन, २०७०)

(३५) बीउ आलु आत्मनिर्भर कार्यक्रम कार्यविधि, २०६८ (प्रथम संशोधन, २०७०)

(३६) युवा रोजगार प्रवद्र्धन कार्यक्रम संचालन कार्यविधि, २०७०

(३७) व्यावसायिक बेमौसमी तरकारी उत्पादन पकेट कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७०

(३८) अदुवा प्रवद्र्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७०

(३९) अलैंचीको रोग व्यवस्थापन तथा नर्सरी स्थापना कार्यक्रम संचालन निर्देशिका, २०७०

(४०)प्याजको शित भण्डार निर्माण कार्यक्रम संचालन कार्यविधि, २०७०

(४१)स्याउ आत्मनिर्भर कार्यक्रम संचालन निर्देशिका, २०६८ (पहिलो संशोधन, २०७०)

(४२)सुन्तला बगैंचा सुदृढिकरण अभियान कार्यक्रम संचालन कार्यविधि, २०७०

(४३)गुणस्तरिय बीउ उत्पादन कृषक पाठशाला संचालन नर्मस् एवं कार्यविधि (प्राविधिक पक्ष)

(४४)सुन्तलाजात फलफूल सम्बन्धी नर्मस्, २०७०

(४५)साना सिंचाई विशेष कार्यक्रम कार्यान्वयन निर्देशिका (पहिलो संशोधन, २०७०)

(४६)तालिम/गोष्ठि संचालन तथा जनरल प्रकाशन सम्वन्धी आर्थिक नर्मस् परिमार्जन

(४७)आयोजनाका कृयाकलाप कार्यान्वयन नर्मस् (उच्च मूल्य कृषि वस्तु विकास आयोजना)

(४८)विभिन्न प्रतियोगिताको नर्मस् संशोधन सम्बन्धमा

(४९)कृषि विकास योजना जनकपुरवाट संचालित कार्यक्रमहरूको कार्य संचालन निर्देशिका, २०६८ (पहिलो संशोधन, २०७०)

(५०)ग्रामिण युवा स्वरोजगार प्रवद्र्धन पशु विकास कार्यक्रम कार्यविधि, २०६४ (पहिलो संशोधन, २०७०)

(५१)मौरी, च्याउ, रेशम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७०

(५२)मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७०

(५३)बाली उत्पादनोपरान्त क्षति न्यूनीकरण तथा गुणस्तरीय कृषि वस्तु उत्पादनको लागि कृषक, कृषक समूह, कृषि सहकारी तथा कृषि उद्यमीहरूलाई अनुदान उपलव्ध गराउने सम्वन्धी कार्यविधि, २०७०

(५४)यूवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७०

(५५)सामुदायिक पोष्ट हार्भेष्ट सेवा केन्द्र स्थापना सम्वन्धी वित्तिय संस्थाको साझेदारीमा ब्याज अनुदान परिचालन कार्यविधि, २०७०

(५६)लघुवित्त/सहकारी संस्थासँगको साझेदारीमा कृषि औजार, उपकरण खरिद तथा संचालन गर्न ब्याज अनुदान परिचालन कार्यविधि, २०७०

(५७)सामुदायिक कृषि यान्त्रिकरण सेवा केन्द्र सम्बन्धी कार्यविधि, २०७०

(५८)राष्ट्रपति उत्कृष्ट कृषक कार्यक्रम कार्यानवयन कार्यविधि, २०७१

(५९)बाली तथा पशुधन वीमाको प्रिमियम अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्‌यावधिक विवरण

(६०)जैविक तथा वानस्पतिक विषादी उत्पादन, प्रयोग तथा अनुदान निर्देशिका २०७४

(६१)प्रिसिजन तथा प्रोटेक्टेड हर्टिकल्चर प्रविधि विस्तार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७४

(६२)फलफूल प्रोसेसिङ्ग प्लान्ट स्थापना कार्यक्रम संचालन कार्यविधि (प्रथम संशोधन,२०७४) २०७४

(६३)बाढी-पहिरो प्रभावित जिल्लाहरुमा राहत कार्यक्रम संचालन निर्देशिका २०७४ (पहिलो संशोधन)

(६४)बीउआलु आत्मनिर्भर कार्यक्रम संचालन कार्यविधि २०६८, दोश्रो संशोधन २०७२

(६५)विदेशमा कृषि सम्वन्धि तालिम तथा उच्च शिक्षा हाँसिल गरि स्वदेशमा व्यवसाय संचालन गर्ने युवाहरुलाई प्रोत्साहन तथा अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१

(६६)व्यवसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने व्याज अनुदान सम्बन्धि कार्यविधि, २०७३

(६७)शीतघर तथा खाद्‌यान्न भण्डारण घर स्थापना कार्यक्रमका लागि व्याज अनुदान मापदण्ड, २०७३

(६८)सामुदायिक आई.पी.एम. श्रोतकेन्द्र संचालन कार्यविधि, २०७४

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्‌यावधिक विवरण

**बेरुजू फर्छ्यौट प्रगति विवरण**

## बेरुजू फछ्र्यौंट तथा राजश्व सङ्कलन विवरण

| आ.व. २०७५/७६ मा फछ्र्यौंट गर्नुपर्ने बेरुजू रकम रु. | आ.व. २०७५/७६ को बेरुजु फछ्र्यौंट रकम रु. | फछ्र्यौंट प्रतिशत |
|---|---|---|
| रु. ४४ करोड ९९ लाख ८८ हजार | रु. १२ करोड ७९ लाख ९९ हजार | २८.४३ % |

नोटः

- म.ले.प को कार्यालयमा विगत वर्षको रु **५५ लाख १ हजार** बराबरको फाईल सम्परीक्षणको लागि लेखि पठाईएको
- कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा रु **२१ लाख २६ हजार** बराबरको बेरुजु नियमीतको लागी पठाईएको

| | |
|---|---|
| राजश्व सङ्कलन विवरण | तृतिय चौमासिकः रु १ करोड १८ लाख ४७ हजार |
| | बार्षिकः रु ३ करोड १७ लाख ४४ हजार |

## अनुदान प्रवाह

| अनुदान | बार्षिक बजेट | अनुदान बजेट | अनुदान खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | रु २ अर्ब ६३ करोड ५१ लाख ११ हजार | रु १ अर्ब ४० करोड ३० लाख ८१ हजार<br>५३.२४ प्रतिशत | रु ८७ करोड ५५ लाख ७१ हजार | ६२.४० प्रतिशत |
| | मुख्य कार्यक्रमः बाली बीमा, शीतघरमा बिद्युत प्रयोग अनुदान, रैथाने बाली, कागती प्रवर्द्धन, निजि जग्गामा फलफूल खेती विस्तार, प्राङ्गारीक खेती, बगर खेती, किम्बु खेती, बजार विकास, RISMFP, RJKIP | | कूल लाभान्वीत कृषक सँख्याः ३२३५६ | |

**प्रगती कम हुनुका कारणहरु**


- कृषि विभाग र तत् मातहतका निकायहरुमा २६ प्रतिशत दरबन्दी रिक्त हुँदा तलबमा बिनियोजित बजेट समेत खर्च हुन नसकेको।
- कृषि विभाग र मातहतका निकायहरुमा स्विकृत भई विभिन्न स्थानीय तह तथा कृषि ज्ञान केन्द्रहरु मार्फत सञ्चालनका लागी पठाईएका कार्यक्रम (प्राङ्गारीक खेती, कृषि बजार, रैथाने बाली आदी) कार्यान्वयन, प्रगती कम्पाईलेसन तथा समन्वयमा कठीनाई।

- विभाग मातहतका निकाय तथा कार्यक्रम सञ्चालनका लागी पठाईएका प्रादेशिक निकायहरुमा जनशक्ती कमीका कारण स्वीकृत कार्यक्रम सञ्चालनमा कठीनाई भएको।
- कृषि विभाग मार्फत सञ्चालनका लागि स्विकृत प्राङ्गारिक मल तथा बिरुवा बृद्धिबर्धक पदार्थ वितरणको लागी प्राप्त निवेदनहरु छनौट प्रकृयामा कुनै पनि सफल हुन नसकेकाले कार्यक्रम सञ्चालन गर्न नसकिएको।
- कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र मार्फत विस्तृत परियोजना प्रतिवेदन अनुसार अत्याधुनिक कृषि थोक बजारको पूर्वाधार निर्माण गर्ने कार्यका (मोरङ्ग-रङ्गेली, बुटवल-सेमलार, बर्दिबास) समयमै DPR तयार नभएकोले शुरु गर्न नसकिएको।

## १३. तोकिए बमोजिमका अन्य विवरण

## बाली विमा कार्यक्रम विवरण

| आ.व. २०७५/७६ | बाली बीमा |
|---|---|
| बीमाङ्क | ८३,३८,०७,५५६।२९ |
| बीमाशुल्क | ४,०३,९४,२५०।६३ |
| अनुदान | ३,०२,९५,६८७।९७ |
| जारी बीमालेख संख्या | १,७५० |




| | बीमांक | बीमा शुल्क | अनुदान | बीमालेख संख्या |
|---|---|---|---|---|
| आ.व. २०७४।७५ | ४८,०५,८९,३००।११ | २,२७,२४,०६५।६१ | १,७०,४३,०४९।२१ | १,१८२ |
| आ.व. २०७५।७६ | ८३,३८,०७,५५६।२९ | ४,०३,९४,२५०।६३ | ३,०२,९५,६८७।९७ | १,७५० |
| वृद्धि प्रतिशत | ७३.५० | ७७.७६ | ७७.७६ | ४८.०५ |

## विषादि अवशेष द्रुत विश्लेषण इकाईहरु बाट प्राप्त नतिजा

| RBPR प्रयोगशाला | हरियो | पहलो | रातो | कुल |
|---|---|---|---|---|
| कालीमाटी | ३१२० | २ | २ | ३१२४ |
| पोखरा | २४६ | ३ | १ | २५० |
| नवलपुर | ११०९ | ६ | ३ | १११८ |
| नेपालगञ्ज | ६५४ | २ | ० | ६५६ |
| बिर्तामोड | १४४२ | ११ | २ | १४५५ |
| कुल | ६५७१ | २४ | ८ | ६६०३ |

Inhibition Percentage <35%
चेक गरिएका ननुनाको ९९.५२ प्रतिशत

Inhibition Percentage 35-45%
चेक गरिएका ननुनाको ०.३६ प्रतिशत

Inhibition Percentage >45%
चेक गरिएका ननुनाको ०.१२ प्रतिशत

**१४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण**

| क्र.सं. | आयोजनाको नाम | बार्षिक प्रगति प्रतिशत | |
|---|---|---|---|
| | | भारित | वित्तिय |
| १ | साना तथा मझौला कृषक आयस्तर बृद्धि आयोजना | 89.86 | 70.48 |
| २ | बागवानी विकास कार्यक्रम | 82.98 | 69.16 |
| ३ | आलु, तरकारी तथा मसला बाली विकास कार्यक्रम | 92.29 | 85.49 |
| ४ | मत्स्य विकास कार्यक्रम | 99.57 | 89.79 |
| ५ | बाली संरक्षण कार्यक्रम | 70.05 | 72.56 |
| ६ | नेपाल भारत क्षेत्रीय व्यापर तथा पारवहन आयोजना | 67.90 | 16.43 |
| ७ | बाली विकास कार्यक्रम | 96.91 | 93.29 |
| ८ | बिशेष कृषि उत्पादन कार्यक्रम | 80.91 | 75.81 |
| ९ | कृषि प्रसार तथा तालीम कार्यक्रम | 89.32 | 83.31 |
| १० | समूदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना | 91.85 | 75.18 |
| ११ | कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास कार्यक्रम | 90.81 | 64.60 |
| १२ | सहकारी खेती, साना सिंचाई तथा मल वीउ ढुवानी कार्यक्रम कृषि इन्जिनियरिङ्ग समेत) | 96.36 | 69.76 |
| १३ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | 71.04 | 71.81 |
| १४ | सिंचाई तथा जलश्रोत ब्यवस्थापन आयोजना, बाली तथा जल ब्यवस्थापन कार्यक्रम | 96.84 | 82.82 |
| १५ | रानीजमरा कुलरिया सिंचाई आयोजना | 88.42 | 82.92 |
| १६ | नेपाल व्यापार एकिकृत रणनिति | 98.93 | 93.13 |
| १७ | राष्ट्रपति चुरे तर्राई मधेस संरक्षण विकास समिती | 88.10 | 82.43 |
| १८ | घर बंगैचा कार्यक्रम | 95.50 | 93.67 |
| १९ | कृषि बिकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम | 79.00 | 90.35 |
| २० | साधारण खर्च तर्फको | 89.64 | 69.63 |
| २१ | राष्ट्रीय पुननिर्माण कोष भुकम्प प्रवाभित जिल्लाको लागि राहत कार्यक्रम | 91.06 | ८५.४९ |
| २२ | कृषि विकास आयोजना | 91.25 | 82.01 |
| २३ | रेशम खेती विकास कार्यक्रम | 97.17 | 86.19 |
| २४ | व्यवसायिक कीट विकास कार्यक्रम | 86.63 | 90.74 |
| २५ | माटो परिक्षण तथा सेवा सुधार कार्यक्रम | 97.86 | 82.85 |
| २६ | कृषि प्रसार कार्यक्रम | 93.18 | 79.59 |

**१५. सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण**

http://www.doanepal.gov.np

**१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता र ऋण, अनुदान एवम् प्राविधिक सहयोग वा सम्झौता सम्बन्धी विवरण**

- यूरोपियन यूनियन शान्ति कोषबाट नगद अनुदान रु. 50 करोड
- China-Nepal Agriculture Technical Cooperation Agreement

**१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन**

## आयोजनागत भारित तथा वित्तिय प्रगति

| क.सं. | आयोजनाको नाम | तृतिय चौमासिक | | वार्षिक | |
|---|---|---|---|---|---|
| | | भारित | वित्तिय | भारित | वित्तिय |
| १ | कृषि विभाग | ८२.७७ | ५७.६८ | ८०.०१ | ५६.४४ |
| २ | कृषि पुर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम | ७४.१३ | ६३.१५ | ७१.६२ | ५४.४० |
| ३ | राष्ट्रिय आलु तरकारी तथा मसलाबाली विकास कार्यक्रम | ७६.८७ | १४५.२३ | ७३.१३ | ६२.३४ |
| ४ | बाली विकास तथा जैविक विविधता संरक्षण कार्यक्रम | ८३.९५ | १३३.६५ | ८४.५१ | ७८.६५ |
| ५ | राष्ट्रिय फलफुल विकास कार्यक्रम | ९९.६८ | १२२.६९ | ९७.७३ | ८८.६५ |
| ६ | रानिजमरा कुलरीया सिंचाई आयोजना-प्रणाली आधुनिकिकरण कृषि कार्यक्रम | ९०.०० | ९५.२१ | ८४.१५ | ७६.९६ |
| ७ | सिंचाई तथा जलस्रोत व्यवस्थापन आयोजना | १००.०० | ७९.५४ | १००.०० | ७९.२२ |
| ८ | साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना | ८७.५६ | १२४.८९ | ८२.६४ | ७९.२० |
| ९ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | ४०.०० | २४.४५ | २५.०० | ८.०२ |
| १० | व्यवसायिक किट विकास कार्यक्रम | ९५.३९ | १०३.९० | ९५.१६ | ९१.९२ |
| ११ | केन्द्रिय कृषि प्रयोगशाला कार्यक्रम | ९६.७० | १२६.४८ | ७०.०० | ६१.६९ |
| | **एकमुष्ठ** | **८२.१७** | **८३.११** | **७९.६८** | **६५.९०** |

**१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि**

नरहेको ।

**१९. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय**

कसैबाट पनि सुचना माग नभएको ।तथापी, व्यक्तिगत रुपमा सूचना अधिकारीलाई भेट्न आउनेलाई र फोन मार्फत सम्पर्क गर्नेलाई सूचना एवं जानकारी दिने गरिएको ।

**२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण**

आवश्यकता अनुसार राष्ट्रिय दैनिक पत्र-पत्रिकाहरुमा सामाजिक सञ्जाल तथा आवश्यकता अनुसार राष्ट्रियस्तरका आम सञ्चारका माध्यमहरुबाट प्रकाशन तथा प्रसारण गर्ने गरिएको ।